भाग १
परिचय

१. लेखापरीक्षण फर्म तथा लेखापरीक्षण टोली

यस सहकारी संस्थाको लेखापरीक्षण टोलीको नेतृत्व श्री .... ले गर्नु भएको थियो। उहाँको नेतृत्वमा अन्य .... प्रशिक्षार्थी सहयोगी समेत संलग्न हुनुहुन्थ्यो । लेखापरीक्षण गर्ने फर्म तथा लेखापरीक्षण टोलीमा प्रमुख लगायत सम्पूर्ण सदस्यको स्वतन्त्र र कुनै प्रकारको व्यवसायिक स्वार्थ नबाझिएको स्व-घोषणा लिएरमात्र लेखापरीक्षण कार्यमा परिचालन गरिएको छ।

लेखापरीक्षण फर्मको स्वतन्त्रताको स्व-घोषणा नमूना

स्वतन्त्रताको स्वघोषणा

श्रीमान अध्यक्षज्यू,
................................सहकारी संस्था लि. ।

नेपाल लेखापरीक्षणमान र सहकारी ऐन २०७४ को दफा ७७ बमोजिम लेखापरीक्षण कार्यको लागी अयोग्य नरहेको र यस लेखापरीक्षण फर्म लेखापरीक्षण कार्यका लागी स्वतन्त्रता रहेको निम्न बमोजिम घोषणा गर्दछु।

- यस लेखापरीक्षण गर्ने फर्म, यसका साझेदार ....संस्थाको संचालक तथा सदस्य नरहेको र ....सहकारी संस्था, ब्यवस्थापक र सोसंग सम्बद्य ब्यक्तिहरुसंग कुनैपनि सम्बन्ध नरहेको ।
- प्रत्यक्ष वा अप्रत्यक्ष तवरले यस ....संस्थामा ब्यवसायिक तथा रोजगारीको सम्बन्ध लगायत अन्य कुनैपनि प्रकारको कानूनी सम्बन्धमा (लेखापरीक्षण बाहेक अन्य सेवा समेत) नरहेको।
- यस संस्थासंग मेरो बित्तिय लगायत अन्य स्वार्थ नरहेको र नबाझिएको
- ....

(यसका अलवा अन्य आवश्य लागेका बिषयहरुमा थप स्वघोषण गर्न सकिने)

लेखापरीक्षकको नामः
मितिः...................................
ठेगानाः..................................

लेखापरीक्षण टोलीबाट लिने स्वघोषणको नमूना तल उल्लेख गरिएको छ।

स्वतन्त्रताको स्वघोषणा

म.............................नेपाल लेखापरीक्षणमान र प्रचलित ऐन नियमले निदृष्ट गरेको प्रावधान बमोजिम मेरो लेखापरीक्षणमा स्वतन्त्रता यसरी स्वघोषणा गर्दछु।

- यस लेखापरीक्षण गर्ने ....सहकारी संस्था, ब्यवस्थापक र सोसंग सम्बद्य ब्यक्तिहरुमा मेरो कुनैपनि सम्बन्ध नरहेको ।
- मेरो प्रत्यक्ष वा अप्रत्यक्ष तवरले यस ....संस्थामा ब्यवसायिक तथा रोजगारको सम्बन्ध र अन्य कुनैपनि प्रकारको कानूनी सम्बन्ध (लेखापरीक्षण बाहेक अन्य सेवा) समेत नरहेको।
- मेरो लेखापरीक्षण गर्ने संस्थामा प्रत्यक्ष वा अप्रत्यक्ष कुनै किसिमको बित्तिय स्वर्थ नरहेको
- ....
  (यसका अलवा अन्य आवश्यक लागेका बिषयहरुमा थप स्वघोषणा गर्न सकिने)

स्वघोषणा गर्नेको नामः..
लेखापरीक्षण टोलीमा भूमिकाः.....................................
मितिः...................................
ठेगानाः..................................

यसका अलवा अन्य आवश्यक लागेका बिषयहरुमा थप स्वघोषणा गर्न सकिने

२. लेखापरीक्षण पहुंच

लेखापरीक्षकले नेपाल लेखापरीक्षणमान अनुसार लेखापरीक्षण कार्य सम्पन्न गर्नु पर्दछ। उक्त लेखापरीक्षणमान अनुसार वित्तीय विवरणहरु सारयुक्त रुपमा त्रुटीपूर्ण प्रस्तुति रहित छ भन्ने कुरामा उचित रुपमा आश्वास्त हुनको लागि लेखापरीक्षण गर्दा नैतिक आवश्यकताको (Ethical Requirement) परिपालना तथा लेखापरीक्षण योजना तर्जुमा गरी लेखापरीक्षण सम्पन्न गरेको सम्बन्धी उल्लेख गर्नु पर्दछ।

लेखापरीक्षण गर्दा प्रयोग गरिएको जोखिम निर्धारण तल उल्लेख गरिएको छ।

लेखापरीक्षण अनुबन्धका जोखिम निर्धारण		उपयुक्त कोठामा		✔
		छ	**छैन**	**लागु नहुने**
१.संस्थाले ब्यवसाय गर्ने सम्पूर्ण उद्योग (Industry)सम्बन्धी जोखिमको पहिचान स्थापित गर्ने र यस संस्था उक्त उद्योगमा परेको जोखिम स्वीकार हुने नहुने रु यस संस्थाले स्वीकार गर्ने जोखिम र त्यसले लेखापरीक्षणमा पार्ने प्रभाव, लगायत तल उल्लेखित विषयहरु जाँच गर्ने।				
क	प्रचलिन ऐन कानूनको परिपालना नगरे बापत अधिक शुल्क तथा जरिवाना भुक्तान गरेको			
ख	संस्थामा आर्थिक तथा तरलताको समस्या रहेको			
ग	संस्था र संस्थाका ब्यवस्थापक संचार माध्यमको चासोमा रहेको			
घ	उच्च जोखिममा रहेको ब्यवसायमा लगानी रहेको			
ङ	संस्थाले गर्ने ब्यवसाय जोखिम प्रकृतिको रहेको			
च	संस्थाले अवलम्बन गरेको लेखाप्रणली र त्यसको रेकर्ड ब्यवस्थापन निकै कमजोर रहेको			
छ	अधिकांश कारोवार अस्वभाविक प्रकारको /सम्बद्ध ब्यत्ति बिचको कारोवार रहेको			
ज	संस्थाको कर्पोरेट तथा संचालन संरचना अस्वभाविक र कठीन रहेको			
झ	आम्दानी पहिचान सम्बन्धी स्पष्ट नीति नरहेको			
ञ	नियन्त्रण र ब्यवस्थापन कमजोर रहेको			
	प्राविधिक परिवर्तनको असर उद्योग/संस्थामा अधिक रहेको			
थ	संस्थाको ब्यवस्थाकहरुको दक्षता र विश्वसनियतमा विवादास्पद रहेको			
द	संस्थाको ब्यवस्थापक, मुख्य अख्तियार ब्यक्ति, लेखाप्रमुख र वकीलमा भर्खरै परिवर्तन भएको			
२	**संस्थाको बित्तीय विवरणको सम्भावित प्रयोगकर्ता ?**			
*	बैंक			
*	सरकारी कर निकाय			
*	नियमनकारी निकाय			
*	ब्यवस्थापन			
*	आपूर्तिकर्ता			
*	सम्भावित लगानीकर्ता			

*	शेयर धनी तथा सदस्यहरु			
	शेयर तथा सदस्यहरुमा रहेको विवाद लगायत अन्य विवादमा लेखापरीक्षण अनुबन्धको नतिजाले असर गर्ने			
३	**संस्थाको वित्तीय विवरणको कुनै खास क्षेत्र तथा लेखामा असाधारण ध्यान दिनु पर्ने हो ? यदी हो भने सोको बिस्तृत कागजात तयार गर्नेः**			
४	यस अघिको लेखापरीक्षक / लेखापालले बहु समायोजनाका लेखा प्रविष्टी गरेको र अथवा पहिचान गरिएका सारहीन कारोवारको समायोजन गरे नगरेको रु यदी छ भने हुन सक्ने सम्भावित कारण र प्रभाव, त्यसले लेखापरीक्षण अनुबन्धमा पार्ने सम्बद्ध जोखिमको कागजात तयार गर्ने			
५	उक्त संस्था कालान्तर सम्म संचालन रहनेमा कुनै उचित संखा रहेको ? (कम्तीमा पनि एक बर्षभित्रको)			
कार्यक्षेत्रमा सिमितता				
७	संस्थाको ब्यवस्थापनले लेखापरीक्षण कार्यक्षेत्रमा सिमितता नल्याउनेमा आश्वत रहेको ।			
८	के संस्थाको लेखापरीक्षण अनुबन्धका बिषयमा उपयुक्त मानदण्ड (जस्तै IFRS)का आधारमा मूल्याकंन गर्नु पर्ने रहेको छ ?			
९	के लेखापरीक्षण सम्पन्न गर्नुपर्ने समयसिमा उचित रहेको छ ?			
अन्य				
१०	के संस्थाको स्वीकारोत्तका लागी अन्य मुद्दा सम्बन्धी सम्बोधन गर्नुपर्ने रहेको छ रु (जस्तै अभ्क बिस्तृत स्वतन्त्रताको मूल्याकंन र जोखिम कारक)			
११	अन्य लेखापरीक्षण अनुबन्धमा बढवा दिने जोखिमको टिप्पणी			
सम्बन्धित संस्थाको जोखिम पाश्र्वचित्र (Risk profile)				
१	उच्च जोखिम (>=7)			
२	मध्यम जोखिम (7 <>3)			
३	न्यून जोखिम (<=3)			

यसरी निर्धारण गरेको जोखिमलाई जोखिम बहन क्षमताका आधारमा बगीकरण संबोधन गर्नुपर्दछ।

लेखापरीक्षकीय जोखिमको भार	जोखिम बहन क्षमताको प्रतिकृया(Risk appetite response)
अति जोखिम (10<=>7)	अस्वीकायुक्त स्तरको जोखिम यस अन्तर्गत पर्दछ। यस प्रकारको जोखिमको न्यूनिकरणका लागि तूरुन्त कारवाही गर्नुपर्ने हुन्छ र जोखिम रजिष्टरमा समावेश गर्नुपर्न हुन्छ।
मध्यम जोखिम(7 <>3)	स्वीकारयोग्य जोखिम हो, यसको सर्कया रुपमा कारवाही र निगरानी गर्नुपर्ने हुन्छ।
न्यून जोखिम (<=3)	सामान्य संचालन अवस्थामा यस प्रकारको जोखिमलाई अल्पकरण नगरेतापनि स्वीकार्य हुन्छ। जस्तै <=1भित्र पर्ने जोखिम

लेखापरीक्षकीय जोखिम अल्पीकरणका उपाय

लेखापरीक्षण गर्दा क्षेत्रगत जोखिमहरु पहिचान गरी जोखिमको भारका आधारमा त्यसको न्यूनिकरणका लागी चारबटा विकल्प मध्ये उपयुक्त विकल्प छनोट गर्नुपर्दछ र विकल्पको नमुना निम्न अनुसार रहेका छन् ।

जोखिम न्यूनिकरण प्रतिकृया	प्रक्रियाको ब्याख्या
लेखापरीक्षण अनुबन्धबाट राजिनामा दिने	यस अवस्थामा जोखिमलाई अनुबन्धबाट राजिनामा दिएर न्यूनिकरण गर्नुपर्दछ । अच्च जोखिमको रहेको र जोखिलाई अन्य उपायबाट न्यूनिकरण हुन नसक्ने अवस्थामा लेखापरीक्षण अनुबन्ध रद्द गर्नुपर्ने हुन्छ । यसरी लेखापरीक्षण अनुबन्ध रद्द गर्दा नियुत्ती दिने अधिकारीलाई लेखापरीक्षणमानको प्रावधानमा रही जानकारी गराउनुपर्दछ ।
जोखिमलाई ट्रान्सफर गर्ने	यस अवस्थामा, जोखिमको पूर्ण वा आशिंक अंशलाई अर्को पक्ष सहभागी गराई न्यूनिकरण गरिन्छ । जस्तौ बिशेषज्ञ सेवा मार्फत खास क्षेत्रको जोखिम न्यूनिकरण गर्ने ।
जोखिमको जाँच गर्ने	यस प्रकारको जोखिमलाई आवश्यक कारवाही गरी न्यूनिकरण गर्ने , क्षेत्रगत जोखिमलाई संस्थाको शासन अधिकारी समक्ष जानकारी गरी कारवाही गर्न लगाउने
जोखिमलाई सहन गर्ने	न्यून जोखिम रहेका क्षेत्रको सारभुतताका आधारमा कारवाही नगरी बहन गर्नुपर्ने हुन्छ । यस प्रकारका जोखिम न्यूनिकरणले लेखापरीक्षण उदेश्यमा खासै भूमिका नजनाउने हुन सक्दछ ।

नमूना छनोट बिधि र प्रकृया उल्लेख गर्ने

नेपाल लेखापरीक्षणमान ५३० बमोजिमको अधिनमारही लेखापरीक्षकले नमूना छनोट बिधि अवलम्वन गर्नुपर्ने हुन्छ । लेखापरीक्षण नमूना छनोट निम्न बिधिद्वारा गर्न सकिन्छ ।

क) क्रमरहितछनोट (Random Selection)

ख) ब्यवस्थित छनोट (Systematic selection)

ग) मौद्रिय एकाई नमूना छनोट (Monetary Unit Sampling)

घ) अव्यवस्थित छनोट (Haphazard selection)

ङ) झुण्ड छनोट (Block selection)

नमूना छनोट बिधि, माथी उल्लेखित बिधिमा मात्र सिमित नरही अन्य बिधिको प्रयोगद्वारा पनि गर्न सकिन्छ । यसरी कुनै एक बिधिको प्रयोग सम्बन्धी नमूना तल उल्लेख गरिएको छ ।

यस ....संस्थाको लेखापरीक्षण गर्दा मौद्रिय एकाई नमूना छनोट बिधिको प्रयोग गरी नमूना छनोट गरिएको छ । यस नमूना छनोट बिधि सांख्यिकीय नमूना छनोट (Statistical sampling) बिधिमा पर्दछ । यस बिधिमा जति धेरै कारोवारको भार हुन्छ नमूना छनोटमा पर्ने सम्भावना उतीनै बढी हुने गर्दछ । यसलाई 4 नमूना छनोट समेत भन्ने गरिन्छ ।

मानौ कुनै क्षेत्रगत कारोवार निम्न रहेको छ। मौद्रिय एकाई नमूना छनोट गर्दा निम्न प्रकृया अपनाईएको छ।

Population Item	Recorded amount NRs.	Cumulative total NRs.	Range	
			Lower	Upper
1	234	234	0	234
2	544	778	234	778
3	34	812	778	812
4	233	1045	812	1045
5	665	1710	1045	1710
6	845	2555	1710	2555
7	442	2997	2555	2997
8	345	3342	2997	3342
9	978	4320	3342	4320

अ) कुल नमूना जनसंख्या (population sample): 4320

आ) लेखापरीक्षणको नमूना (sample): 4

ई) नमूनाको मध्यान्तर (interval)= (अ/आ)= 1080

पहिलो क्रम रहित छनोटको दायरा मानौ 300 रहेछ भने त्यस पश्चातका नमूना निम्न बमोजिम रहेन गर्दछ।

दोस्रो नमूनाको दायराः 300+1080=1380

तेस्रो नमूनाको दायराः 1380+1080=2640

चौथो नमूनाको दायराः 2640+1080=3540हुने गर्दछ।

यस बिधिले कुल जनसंख्या नमूना मध्ये लेखापरीक्षण नमूना क्रमश २, ५ ७ र ९ छनोट हुने देखिन्छ।

३. कार्ययोजना कार्यान्वयनमा टिप्पणी

लेखापरीक्षणका क्रममा हामीलाई मागेका आवश्यर्के समर्थत कागजात, विवरण तथा सूचना ब्यवस्थापनले उपलब्ध गराएको छ।

भाग २
सदस्य केन्द्रीयता

४. सहकारी संस्थाको कार्यक्षेत्र

सहकारी दर्ता हुँदाको बखतको कार्यक्षेत्र.....रहेको र मिति.....को स्वीकृत विनिमय बमोजिम हालको कार्यक्षेत्र...... रहेको छ। सहकारी ऐन २०७४ जारी भएको १ बर्ष भित्र मौजुदा कार्यक्षेत्रमा सदश्य विस्ताको अवस्था , ब्यवसायिक सेवा संचालनको अवस्था र अन्य विवरण सहित अधिकार प्राप्त अधिकार समक्ष कार्यक्षेत्र पूर्ननिर्धारण गर्न प्रतिवेदन पेश गनृ‘पर्नेमा यस सहकारीले पेश गरेका पाइयो / पाइएन।

५. कार्यक्षेत्र केन्द्रीयता

सहकारीको वर्तमान लेखापरीक्षण भएको समयमा कार्यक्षेत्र केन्द्रीयता सम्बन्धी यस्तो अवस्था रहेको छः

क्र.स.	विवरण	कार्यक्षेत्र भित्र	कार्यक्षेत्र बाहिर	कैफियत
१.	सदस्य संख्या			
२.	बचत			
३.	लगानी			

६. गैर-सदस्यीय कारोबार

क्र.स.	विवरण	बचत	लगानी	कैफियत
१.	सदस्य			
२.	गैर सदस्य			
३.	जम्मा			

(लेखापरीक्षकको लागी टिप्पणी: लेखापरीक्षकले सहकारीका सदस्यहरुको बिवरण मागी साधारणसभाको निर्णय पूस्तिकामा लेखिएका नाम, साधारण सभाको सूचना प्रदान गरिएको विवरण , कोरम संख्या, लाभाशं प्राप्त गर्ने सदस्यको बिवरण लगायत जाँच गरी गैर सदस्य को यकिन गर्नुपर्नेछ।)

७. कृतिम व्यक्तिको सदस्यता

क्र.स.	कृत्रिम व्यक्तिको नाम (हाल कायम भएको)	बचत	लगानी	अन्य लगानी
१.				
२.				
३.				

हाल कायम नभएको कृत्रिम व्यक्तिको विवरण

क्र.स.	कृतिम व्यक्तिको नाम (हाल कायम नभएको)	कैफियत
१.		
२.		
३.		

(लेखापरीक्षकको लागी टिप्पणी: लेखापरीक्षकले सहकारीका सदस्यको बिवरण माग गरी कृतिम ब्यक्तीको सदस्यता सम्बन्धमा ऐनको दफा ३० (२) को योग्यता भन्दा बाहिर रहेका कृतिम ब्यक्ति ५ बर्ष भित्रमा सदस्तयत अन्त गर्नुपर्ने प्रावधान भए नभएको

समेत उल्लेख गर्नुपर्ने छ तर स्वास्थ्य र शिक्षा सहकारीको हकमा कृतिम ब्यक्ति समेत सदस्य हुन सक्ने कुरालााई मध्यनजर गर्नुपर्नेछ।)

८. दोहोरो सदस्यता

कुनै ब्यक्ति एक स्थानिय तहको एकै प्रकृतिको एकभन्दा बढी संस्थाको सदस्य हुन नपाउने र यदी सदस्यता रहेको खण्डमा ३ बर्षभित्र कुनै एक संस्थाको मात्र सदस्यता कायम राख्नुपर्नेमा यस सहकारी संस्थाका सदस्यहरु अन्य कुनै एक तहको एकै प्रकारको संस्थामा सदस्यता रहे नरहेको लगत संकलन सहकारीले पनि नगरेको/गरेको साथै सदस्यले पनि स्वस्पूर्त रुपमा सदस्य रहेको जानकारी गराएको / नगराएको अवस्स्था बिद्धमान छ।

अवस्था -(क)
यदी बिवरण उपलब्ध भएमा
सहकारीमा रहेका दोहोरो सदस्यता निम्न बमोजिम रहेको छ।

नाम	सदस्यता नम्बर	सदस्य रहेका अन्य संस्थाको नाम

अवस्था -(ख)
बिवरण उपलब्ध नभएको तर लेखापरीक्षण बिधिबाट थाहा भएको

नाम	सदस्यता नम्बर	सदस्य रहेका अन्य संस्थाको नाम

९. ऋणका खातिर सदस्यता

ऋण लिनु भन्दा ३ महिना सदस्य भई चुक्ता भएपछि सदस्यता समाप्त भएका सदस्यहरुको विवरण

क्र.स	सदस्यहरुको नाम	कैफियत

(लेखापरीक्षकको लागी टिप्पणी: यो बिवरण तयार गर्नका लागि लेखापरीक्षकले लेखापरीक्षण अवधी भरी कर्जा लिएका सदस्यका बिवरण र बर्षको अन्तमा रहेका जम्मा सदस्यका बिवरण संग तूलना गरी निम्न दुई थप बिषयको परिक्षण समेत गर्नुपर्नेछ।
ऋण लिनुभन्दा ३ महिना सदस्य भएको यकिन गर्ने, र ऋण चुक्ता पछी सदस्य समाप्त भएको यकिन गर्नुपर्नेछ।)

१०. लक्षित सदस्यता

क्र.स.	सदस्यता	लक्षित समूह बचत रकम				कैफियत
		महिला	न्यून आय भएका	अपंगता भएका	दलित समुदायका	

घटी बचत गर्ने (गैर लक्षित समुह)

क्र.स.	सदस्यता	गैर लक्षित समह बचत रकम				कैफियत
		समूह १	समूह २	समूह ३	समूह ४	

(लेखापरीक्षकको लागी टिप्पणी : लक्षित सदस्यको औषत बचत रकम र घटी बचत गर्ने सदस्य (गैर लक्षित) को अनुपातमा लक्षित बर्गमा सहकारी संस्था आधारित भएको पाइयो /पाइएन।

११. निष्क्रिय सदस्यता

क) तीनवटा साधारण सभामा लगातार अनुपस्थित हुने सदस्यहरु

क्र.स.	विगत तीनवटा साधारण सभामा लगातार अनुपस्थित हुने सदस्यहरुको विवरण	कैफियत

ख) सदस्यता अन्त गरेको बिवरण

क्र.स.	संस्थामा सदस्यता अन्त गरेको नामावली	कैफियत

(लेखापरीक्षकको लागी टिप्पणी : निस्कृय सदस्यताको विबरणमा उल्लेख भएका सदस्यहरु र सदस्य अन्त्य गरेको विवरणमा तूलनात्मक अध्ययन गरी ऐनको दफा ३४ र नियमावलीको नियम १७ को परिपालना सम्बन्धी टिप्पणी गर्नुपर्ने हुन्छ ।

१२. सदस्य केन्द्रियता स्तरांकन

सहकारीमा आफ्नो कार्यक्षेत्रभित्रका र सक्रिय सदस्यहरुको संख्या राम्रो रहेको/ नरहेको र सहकारी समुदाय केन्द्रित भएर सञ्चालन भएको /नभएको यकिन गर्नुपर्दछ । संस्थाको सदस्य केन्द्रियता स्तरांकन गर्दा संस्थाको कारोवार प्रकृतीका आधारमा कस्तो प्रकारको संस्थामा पर्नजाने हो सो यकिन गरी गणना गर्नुपर्नेछ। संस्थाको सदस्य केन्द्रियता स्तरांकन निर्धारण गर्दा निम्न आधारमा रही गणना गरिन्छ।

क) संस्थापकीय सरोकारः संस्थापकीय सरोकार भनेको संस्थाको रचना र पुनःरचनामा सदस्यको स्रोत संयोग हो।

सूत्रमा–

$$\text{संस्थापकीय सरोकार} = \frac{\text{सदस्यको पुँजी रु.} + \text{नियमित बचत रु.}}{\text{जम्मा पुँजी रु. (सदस्यको पुँजी रु.} + \text{जम्मा बचत रु.} + \text{तिर्नुपर्ने ऋण रु.)} + \text{तटस्थ स्रोत संयोग बिन्दु समायोजन अङ्क रु.}} \times १०० = (०\text{-}१००)\%$$

जहाँ सदस्यको पुँजी रु. = अंसघन रु. + जगेडा कोष रु. + घाटापूर्ति कोष रु.

स्पष्टीकरण : तटस्थ स्रोत संयोग बिन्दु समायोजन अङ्कभन्नाले सदस्यको पुँजी जम्मा बचतको ३५% बराबर नपुगेको भए नपुगेजति अङ्क सम्झनुपर्दछ।

संस्थापकीय सरोकारले सदस्यको अंसियारी बोध हुन्छ, जुन स्वावलम्बनको प्रतीक र दिगोपनको जनाउ हुन्छ।

जुन कार्यमूलक रूपमा संस्थाको मूल व्यावसायिक सेवाको सदस्यीय उपयोगलाई मानिएको छ। संस्थाको प्रकृतिका आधारमा निम्न बमोजिम निर्धारण गरिन्छ।

ख)**सञ्चालकीय सक्रियताः** सञ्चालकीय सक्रियता भनेको संस्थाका कामकुरामा सदस्यको वैचारिक संयोग हो। कार्यमूलक रूपमा सञ्चालकीय सक्रियता भन्नाले संस्थाको बैठकमा सदस्यको अपेक्षित उपस्थितिको तुलनामा वास्तविक उपस्थितिलाई मानिएको छ।

सूत्रमा–

सञ्चालकीय सक्रियता =	वर्षमा सदस्य बैठक (साधारण सभा + विशेष साधारण सभा +विस्तारित मञ्च) मा उपस्थित सदस्य ——————————————— {(वर्षारम्भका जम्मा सदस्य + वर्षान्तका जम्मा सदस्य)/२}×६ वा (वर्षमा सदस्य बैठकमा उपस्थित सदस्य) मा जसको सङ्ख्या बढी हुन्छ सो	×१०० = (०–१००)%

स्पष्टीकरणः विस्तारित मञ्च भन्नाले संस्थाको तर्फबाट साधारण सदस्यहरूलाई डाकिएको जुनसुकै स्तर वा प्रकारको परामर्श सभा सम्झनुपर्दछ।

सञ्चालकीय सक्रियताबाट सदस्य सहभागिता ज्ञात हुन्छ, जुन लाभको प्रतीक र सहकारी प्रभाव (Co-operative effect) को ज्ञापक पनि हो।

ग) **संरक्षकीय सम्बन्धन**

संस्थाको माध्यममा सदस्यहरूको व्यावसायिक संयोग नै संरक्षकीय सम्बन्धनु हो।

कार्यमूलक रूपमा–संरक्षकीय सम्बन्धनु भन्नाले संस्थाको मूल व्यावसायिक सेवाको सदस्यीय उपयोगलाई मानिएको छ।

सूत्रमा–

ग-१. उत्पादक संस्था

संरक्षकीय सम्बन्धन =	सदस्यहरूसँगको वार्षिक खरिद रु. ——————————————— जम्मा सदस्यतर्फी वार्षिक खरिद रु. वा (रु. ९३,९९३ × सदस्य सङ्ख्या) मा जुन बढी हुन्छ सो	× १००= (०-१००)%

स्पष्टीकरण : सदस्यतर्फी खरिदु भन्नाले सदस्य वा गैरसदस्य जोसुकैबाट होस् सदस्यको उत्पादनको बजार व्यवस्था मिलाउने सिलसिलामा संस्थाले गरेको खरिदलाई सम्झनुपर्दछ।

ग-२. उपभोक्ता संस्था - वित्तीय सेवा

संरक्षकीय सम्बन्धन =	वर्षभरि कम्तीमा एकपल्ट ऋण प्राप्त गर्ने सदस्य सङ्ख्या ——————————————— (वर्षारम्भका जम्मा सदस्य सङ्ख्या + वर्षान्तका जम्मा सदस्य सङ्ख्या)/२	× १०० = (०-१००)%

ग-३. उपभोक्ता संस्था - आधारभूत निर्वाह

$$\text{संरक्षकीय सम्बन्धन} = \frac{\text{सदस्यलाई वार्षिक विक्री रु.}}{\text{जम्मा सदस्यतर्फी वार्षिक विक्री रु. वा (रु. ९३,९९३ × सदस्य सङ्ख्या)/५ मा जुन बढी हुन्छ सो}} \times १०० = (०\text{-}१००)\%$$

ग-४. उपभोक्ता संस्था - परिपूरक निर्वाह

$$\text{संरक्षकीय सम्बन्धन} = \frac{\text{सदस्यलाई वार्षिक विक्री रु.}}{\text{जम्मा सदस्यतर्फी वार्षिक विक्री रु. वा (रु. ९३,९९३ × सदस्य सङ्ख्या)/१० मा जुन बढी हुन्छ सो}} \times १०० = (०\text{-}१००)\%$$

ग-५. श्रमिक संस्था

$$\text{संरक्षकीय सम्बन्धन} = \frac{\text{सदस्यलाई वार्षिक पारिश्रमिक भुक्तानी रु.}}{\text{जम्मा सदस्यतर्फी वार्षिक पारिश्रमिक रु. वा (रु. ९३,९९३ × सदस्य सङ्ख्या) मा जुन बढी हुन्छ सो}} \times १०० = (०\text{-}१००)\%$$

ग- ६. बहुउद्देश्यीय संस्था

$$\text{संरक्षकीय सम्बन्धन} = \frac{\text{(ग-१) + (ग-२) वा (ग-३) वा (ग-४) मा जुनको मान बढी हुन्छ सो + (ग-५)}}{३} = (०\text{-}१००)\%$$

जहाँ सदस्य सङ्ख्या भन्नाले–

ग-१ मा जम्मा उत्पादक सदस्यको सङ्ख्या;
ग-२ मा जम्मा बचतकर्ता सदस्यको सङ्ख्या;
ग-३ वा ग-४ मा जम्मा आम उपभोक्ता सदस्य सङ्ख्या र
ग-५ मा जम्मा श्रमिक सदस्य सङ्ख्या सम्झनुपर्दछ
तर एक जना सदस्यको एकैतिर मात्र गणना गरिएको हुनुपर्दछ।

सूचकाङ्कको मान

तीनोटै सूचकहरूको मानको भारित औसतका रूपमा सूचकाङ्कको मान निस्किन्छ।

$$\text{सूचकाङ्क} = \frac{\text{तीनोटै सूचकहरूको जम्मा}}{३} = (०\text{-}१००)\ \%$$

स्तराङ्कन

सूचकाङ्क अनुसार दिइएको संस्थाको स्तर देहायबमोजिम पहिल्याउन सकिन्छ :

< ३०	: अनिश्चित
३०-४४	: साधारण
४५-५९	: मध्यम
५९-७४	: उत्तम
≥७५	: अत्युत्तम।

भाग ३
आन्तरिक नियन्त्रण

१३. नगदको सुरक्षा

सहकारी संस्थाले नगद परिचालन कार्यविधि अनुरुप नगदको सुरक्षा कायम गर्नुपर्ने हुन्छ । नगद सुरक्षा तथा नगद सम्बन्धी लेखापरीक्षण जाँच सूचीको नमूना तल उल्लेख गरिएको छ ।

क्र.स.	आन्तरिक नियन्त्रण प्रश्नावली	छ/छैन	सम्बन्धित कार्यपत्र
१	के प्रत्येक टेलरलाई कारोवार समयमा नगद राख्न पर्याप्त सुविधा दिइएको छ ?		
२	के टेलरहरूसँग भएको नगद उनीहरूको नियन्त्रणमा सवै समयमा रहन्छ ?		
३	के टेलरहरूले उनीहरू नभएको बखतमा नगदलाई बन्द गर्ने गर्दछन् ?		
४	खजाञ्ची अनुपस्थित रहेको बेला (बिरामी आदि कारणबाट) के नगद मौज्दात दुई जना कर्मचारीको रोहवरमा राखी तुरुन्तै गनिन्छ र अर्को खजाञ्चीको जिम्मामा लगाइन्छ ? के खजाञ्ची विदा बसेको दिन उक्त नगद गन्ने गरिन्छ ?		
५	के खजाञ्चीको नगद आकास्मिक रुपमा आन्तरिकलेखापरीक्षक बाहिर अन्य कसैबाट गर्ने प्रक्रियागत योजना बनाइएको छ ? छ भने नाम, पद र विभागको नाम दिनुहोस् ।		
६	के प्रत्येक खजाञ्चीले दैनिक कारोवारको सेटलमेन्ट शीट बनाउने गर्दछ ?		
७	के खजाञ्चीले भुक्तानी गरेका चेकहरूलाई जाँच गर्ने गर्दछ ?		
८	के खजाञ्चीहरू बीच भएको कारोवारको प्राप्त गर्ने खजाञ्चीले दस्तखत गर्ने गर्दछ ?		
९	के खजाञ्चीले पासबुकमा भएका पोष्टीङको दस्तखत (Initial) गर्दछ । प्रिन्टेड जम्मा भौचरमा खजाञ्ची परिचालन हुन्छन् ?		
१०	के खजाञ्चीहरूलाई ग्राहकको लागि जम्मा भौचर बनाउन बाट बन्देज लगाइएको छ ?		
११	जम्मा भौचरमा खजाञ्चीको गल्तीले भएको फरकमा निक्षेपकर्ताको दस्तखत लिने गरिएको छ ?		
१२	के खजाञ्चीलाई ढिलो गरी प्राप्त निक्षेप अर्को दिनको कारोवारको लागि राख्न बन्देज लगाइएको छ ?		
१३	के खजाञ्चीहरूद्वारा नगद, वण्ड कुपन तथा विशेष जम्मा रकमलाई प्रमुख खजाञ्ची वा अन्यलाई दैनिक रुपमा बुझाउने गरिन्छ ?		
१४	यदि प्रमाण विभागले फरक पत्ता लगाएन भने खजाञ्चीहरूलाई कारोवारमा भएको बढी वा घटी जनरल लेजर मार्फत राख्न लगाईन्छ ?		
१५	के सहायक खाताले कारोवारमा भएको घटी वा बढीको सँख्या र रकम देखाउँछ ?		
१६	खजाञ्चीले भुक्तानी गर्न सक्ने सीमा निर्धारण गरिएको छ ? कति सीमा छन् ?		
१७	खजाञ्चीलाई दिइएको सीमा पालना गरिएको छ ?		
१८	खजाञ्चीलाई चेक भुक्तानीको लागि दिइएको सीमा/बन्देज पालना गरिएको छ ?		
१९	अधिकृत तहको स्वीकृती चाहिने चेकमा के सम्बन्धित अधिकृतले दस्तखत गर्ने गरेको छ ?		

क्र.स.	आन्तरिक नियन्त्रण प्रश्नावली	छ/छैन	सम्बन्धित कार्यपत्र
२०	के खजाञ्चीहरूको काम कारवाही अवलोकन गरी पर्याप्त मात्रामा सुरक्षितको व्यवस्था मिलाइएको छ ? खजाञ्चीमा भएको कैफियतहरू सम्बन्धित खजाञ्ची / कर्मचारीमाथि विभाजन गर्न सकिन्छ ? क) यदि छैन भने विवरण दिनुहोस् ।		
२१	के बैंकिङ्ग काम गर्ने स्थानमा अनाधिकृत व्यक्ति प्रवेशमा रोक लगाइएको छ ? छ भने विस्तृत रुपमा विवरण लेख्नुहोस ।		
२२	ग्राहकको पास बुक उसलाई फिर्ता नदिएसम्म डवल लक मा राख्ने प्रबन्ध मिलाइएको छ ?		
२३	पूर्व रुपमा नंवर राखिएका, नंवर नराखिएका पास बुक र दस्तखत नमूना कार्डहरू अधिकृत वा टेलर बाहेक कर्मचारीबाट नियन्त्रित छन् ?		
२४	काउन्टरबाट बुझिलिने ग्राहकको स्टेटमेन्ट एक महिना भित्र नबुझेमा स्टेटमेन्ट विभागलाई फिर्ता दिने गरिएको छ ?		
२५	प्रयोगमा नल्याएको खजाञ्ची छाप दोहोरो नियन्त्रणमा राखिएको छ ?		
२६	खजाञ्चीको तर्फबाट भएको नगद फरकको दैनिक रेकर्ड राख्ने गरिएको छ ?		
२७	के कुनै घटना घटेमा टेलिफोन कार्ड वा घण्टी बज्ने व्यवस्था गरिएको छ ?		
२८	के खजाञ्ची सरुवा हुँदा वा जागिर छोडी जाँदा वा विदामा बस्दाको जटील परिस्थितिमा नीजलाई प्राप्त सुविधाहरूमा ताल्चा फेर्ने गरिएको छ ?		
२९	के कर्मचारी सरुवा हुँदा वा बैंक छाड्दा सबै अयकदष्लबतष्यलक (मुख्य भल्टको समेत) फेर्ने गरिएको छ ?		
३०	प्रत्येक खजाञ्चीलाई गोप्य घण्टी (alarm) सुविधा दिइएको छ ? छैन भने कस्तो व्यवस्था गरिएको छ ?		
३१	नगदलाई खजाञ्ची क्षेत्रमा ताल्चा नलगाई नछोडेको होस् भनेर थाहा पाउन के आधिकारीक व्यक्तिबाट प्रत्येक खजाञ्चीको नगद राख्ने ठाउँ जाँच गर्ने गरिएको छ ?		
३२	Surveillance क्यामराहरू प्रयोगमा ल्याइएको छ ? क) एक शाखामा कति वटा क्यामरा ? ख) कति मिलिमिटरको राखिएका छन् ?		
३३	व्यस्त समयमा अर्को व्यक्तिलाई खजाञ्चीको नगद प्रयोग गरी ग्राहक सेवा प्रदान गर्न आफ्नो नगद खुला छोड्नबाट वन्देज लगाइएको छ ?		
३४	नगद / नगदी सामानको सूची तयार गरी जनरल लेजर सँग दैनिक रुपमा मिलाउने गरिएको छ ?		
३५	नगदी सामान (क्लियरिङ्ग चेक बाहेक) को प्रतिवेदन तयार पारी अधिकृत समक्ष स्वीकृतीको लागि पेश गर्ने गरिन्छ ? क) कसलाई र कति पटक ?		
३६	नगदी सामानहरू उचीत समयमा बैंकको नीति अनुसार clear गर्ने गरिन्छन् ? सँक्षिप्तमा विधि वर्णन गर्नुहोस् ।		

क्र.स.	आन्तरिक नियन्त्रण प्रश्नावली	छ/छैन	सम्बन्धित कार्यपत्र
३७	अपलेखन/खर्च लेख्नु अगाडि पुराना वक्यौतालाई संचालक समितिमा पेश गर्ने गरिन्छ ?		
३८	मुख्य भल्ट दोहोरो नियन्त्रणमा रहेको छ ? नाम र दर्जा लेख्नुहोस् ।		
३९	सेफ डिपोजिट भल्ट दाहोरो नियन्त्रणमा रहेको छ ? नाम र दर्जा उल्लेख गर्नुहोस् ।		
४०	के यी दोहोरो नियन्त्रण लेखापरीक्षणको दौरानमा प्रयोगमा थिए ?		
४१	भल्टमा समय बन्दी प्रयोगमा ल्याई अर्को व्यक्ति बाट जाँच गर्ने गरिएको छ ? नाम र दर्जा उल्लेख गर्नुहोस् ।		
४२	के समय बन्दी लामो सप्ताहन्त (जस्तै तीन सम्म रहने गरी विदाको दिन समेत) सम्म निर्धारण गरिएको छ ?छैन भने वैकल्पिक उपाय अपनाइएको बारे उल्लेख गर्नुहोस् ।		
४३	के भल्टमा राखिएको निम्न लिखितको लागि दोहोरो नियन्त्रण लागू गरिएको छ ? क) खजाञ्ची नगद ख) जगेडा नगद ग) लगानी सुरक्षणपत्र घ) कर्जा सुरक्षण र नोट्स ङ) ट्रष्ट र जिम्मामा राखिएको सुरक्षण च) सुरक्षित सुरक्षणपत्र		
४४	भल्ट र सेफको साँचो को डुप्लीकेट साँचोहरू दोहोरो नियन्त्रणमा राखिएका छन् ? नाम र दर्जा उल्लेख गर्नुहोस् ।		
४५	भल्टमा प्रयोग गरिएको च्यानल ढोका (cage gate) कारोवार समयमा पनि बन्द गरिन्छन् ?		
४६	भल्ट भित्र सिक्काको झोला आदि नराखी सफासँग राखिएको छ ?		
४७	कारोवार समयमा समय बन्दी हटाएर भल्टको ढोका खुला राखिएको छ ?		
४८	के सबै कर्मचारीलाई समय बन्दी देखि समय हटाउने तरीकाको ज्ञान छ ?		
४९	के भल्ट, सेफ डिपोजिट भल्ट र drive in vault मा नजीकको कानूनी सुविधा (प्रहरी/सैनिक) प्राप्त स्थानसँग जोडिने गरी घण्टी व्यवस्था गरिएको छ ?		
५०	के सबै कर्मचारीलाई निर्दिष्ट प्रक्रियाहरूको बारेमा ज्ञान छ जब उनीहरू भल्ट भित्र थुनिए भने ?		
५१	के जगेडा रकम र भल्ट नगदको लागि अलगै फछ्र्यौट रेकर्ड राख्ने गरिएको छ ?		
५२	के जगेडा वा भल्ट नगद नियमित र आकास्मिक रुपमा गनने गरिन्छ ? (नगद विभाग र लेखा परीक्षक बाहेक) छन भने नाम र दर्जा उल्लेख गर्नुहोस् ।		
५३	सिल लगाइएका नगद नोट र सिक्काहरू पहिला प्राप्ती निष्कासन नीति अनुरुप निष्कासन गरिन्छन् ?		

१४. तरलता व्यवस्थापन

संस्थामा ब्यावसायिक प्रकृति, आकार एवम् कारोवारको विशिष्टताका आधारमा कार्यविधि तथा मार्गदर्शन सहितको उपयुक्त तरलता जोखिम व्यवस्थापन नीति कार्यान्वयन गरेको/ नगरेको पाइयो।

यदी छ भने कार्यविधिका मुख्य प्रावधान उल्लेख गर्ने जस्तैः

तरलता सम्बन्धी जोखिम न्यूनीकरण गर्न संस्थाले आफ्नो सम्पत्ति तथा दायित्वलाई भुक्तानी को आधारमा विभिन्न समय अन्तरालमा वर्गीकरण गर्नेगरेको छ।

संस्थाले सम्पत्ति तथा दायित्वको भुक्तानी अवधिको आधारमा निम्नानुसार समय अन्तरालको वर्गीकरण गर्नेगरेको छ/ छैन।

(क) ९० दिन सम्मको भुक्तानी अवधि भएका सम्पत्ति तथा दायित्व

(ख) नब्बे दिन भन्दा बढी १८० दिनसम्मको भुक्तानी अवधि भएका सम्पत्ति तथा दायित्व

(ग) १८० दिन भन्दा बढी २७० दिनसम्मको भुक्तानी अवधि भएका सम्पत्ति तथा दायित्व

(घ) २७० दिन भन्दा बढी १ वर्ष सम्मको भुक्तानी अवधि भएका सम्पत्ति तथा दायित्व

(ङ) १ वर्ष भन्दाबढी भुक्तानी अवधि भएका सम्पत्ति तथा दायित्व

संस्थाले तरलता ब्यवस्थापनका लागी नेपाल राष्ट्रबैंकले जारी गर्ने ऋणपत्र, ट्रेजरी बीलमा लगानी गर्ने गरेको छ/ छैन। यसका साथै तरलतालाई कायम राख्न आवश्यकता अनुसार ऐनको सीमामा रही लाभांश सम्बन्धी निर्णय गर्ने गरेको छ/ छैन।

१५ .ऋण कार्यविधि

यस सरहकारीको ऋण कार्यविधि मितिको..................साधारण सभा बैठकबाट पारित गरिएको छ । यसरी स्वीकृत कार्यबिधिमा आधारित रही ऋण लगानीको परिचालन, ब्यवस्थापन र असुली गर्ने गरेको छ। सोही कार्याबीधि बमोजिम संस्थाले जारी गर्ने कर्जाका प्रकार निम्न बमोजिम रहेका छन्।

- ब्यवसायिक कर्जा
- कृषी परियोजना कर्जा
- घर कर्जा
- हायरपर्चेज कर्जा
- मुद्दती रसिद कर्जा
- लघुवित्त कर्जा
- अन्य कर्जा

यस सहकारीले भुक्तानी अवधिका आधारमा कर्जाको बर्गिकरण र कर्जा नोक्सानीको ब्यवस्था निम्नबमोजिम गर्ने गरेको छ/ छैन ।

क) असल ऋण भाखा ननाघेको ऋण १ %

ख) शंकास्पद ऋण १ बर्षसम्म भाखा नाघेको ऋण ३५ %

ग) खराब ऋण १ बर्ष भन्दा बढी भाखा नाघेको ऋण १०० %

१६. सूचना प्रविधिको उपयोगमा नियन्त्रण

संस्थाले सूचना प्रविधि नीति बनाई प्रयोगकर्तालाई जिम्मेवारी बनाउने र नियन्त्रण प्रणालीको प्रत्याभूत गरेको छ।



सस्थामा सूचना प्रविधि नियन्त्रण चित्रः

क. नीति (Policies)

सस्थाको सूचना प्रविधि सम्बन्धी रणनीतिक नीति तयरा गरिएको छ। यसरी गरिने सू.प्र. सम्बन्धी नीति संस्थाको उदेश्य अनुकुल रहे/नरहेको छ। यसरी तयार गरेको नीति संस्थाको सुशासन सम्बन्धी प्रावधान अनुकुल रहेको छ/छैन।

ख. मान (Standards)

संस्थाले सूचना प्रविधि सम्बन्धी मान तयार गरेको / नगरेको। यसरी तयार गरेकोसूचना प्रविधिमानलाई ब्यवस्थापनले निम्न ब्यवस्थापनमा प्रयोग गर्ने गरेको छ।

- प्रविधि बिकास प्रकृयाको र डिजाईनको जाँच र निरीक्षण गर्ने गरेको।
- सफ्टवेयर कन्फिगेरेशनकोमा उचित हेरफेर र नियन्त्रण गर्ने गरेको।
- ब्यवसायलाई सहयोग गर्ने सबै Application को नियन्त्रण गर्ने गरेको।
- सूचना तथा डेटाको उचित सूरक्षा ब्यवस्था अपनाएका।
- यी माथी उल्लेखति सबै कृयाकलापनको उचित दस्तवेजिकरण गरे / नगरेका।

ग. सस्था र ब्यवस्थापन (Organization & Management):

सस्थाको ब्यवस्थापन र सगठनीक सरचनामा सूचना प्राविधिको महत्वपूर्ण भूमिका रहेको र सस्थाले यसको ब्वस्थापन गर्दा निम्न बुदामा ध्यान दएिको पाइयो /पाइएन।

- सूचना प्राविधि सम्बन्धी कर्तब्यको उचित बाडफाड गरेको
- सूचना प्राविधिद्धारा आर्थिक नियन्त्रणको उचित सरचना निर्माण गरी कार्यन्वयन गरेको

घ. भौतिक र वातावरणीय नियन्त्रण (Physical & Environmental Controls)

यस सम्बन्धी सस्थाले निम्न ब्यवस्था गरेको छ।

- सर्भर राखेको ठाउँलाई सधै बन्द गरी नियन्त्रित प्रवेश गर्ने गरेको।
- सर्भरमा पहुच निस्चित ब्यत्तिहरुलाईमात्र उपलब्ध गराएको।
- आगो नियन्त्रणका लागी उपरकणहरु राखिएको।
- सर्भरमा उचित तापत्रम मिलाइएको र सम्भावित बाढीबाट बचाउन अग्लो ठाउमा राखिएको।

ङ. सिस्टम सफ्टवेयरमा नियन्त्रण
संस्थाले यसको नियन्त्तणका लागि निम्न ब्यवस्था गरेको छ।

- सस्थाको सुचना प्राविधि ………………Operating system मा तयार गरिएको छ।
- उचित antivirus को प्रयोग गरिएको।
- अनाधिकृत पहुचको नियन्त्रणको लागि warning signal बिधि उपनाएको छ।
- उचित रुपमा प्रविधिको पहुँच बाडफाड गरिएको।
- कर्मचारीहरुको प्रगोगकर्ता नाम र पासवर्ड प्रत्येक महिना परिवर्तन गरिने गरिएको।
- अति गोप्य सूचनाहरुलाई encryption गरी पेश हुने गरेको।
- आवधिक रुपमा intrusion जाँच गरिने गरिएको।

च. प्रणाली बिकास नियन्त्रण (System Development Controls)
यसको नियन्त्रण निम्न बमोविम गरिने गरिएको :

- सस्थालाई आवश्यक प्रावधान बमोजिम प्रणालिको बिकास गरिएको
- मान्यता प्राप्त बिधिद्धारा प्रबिधिको बिकास गरिएको
- डिजाईन पश्चात जाँच गरेरमात्र प्रविधिको उपयोग गर्ने गरेको
- निरन्तर रुपमा आवश्यकतालाई प्रविधिमा अधावधिक गर्ने गरेको

छ. Application Based Controls
यसको नियन्त्रण संस्थाले निम्नबमोजिम गर्ने गरेको छ।

- प्रवेश गरिने Input data पूर्णता जाँच गरी मात्र प्रवेश गर्ने, र आधिकारिक डाटामात्र प्रवेश गरिएको
- डाटाको प्रोसेश उचित रुपमा हुने गरेको
- डाटाको स्टोर र Backup योजना उचित रहेको
- जानकारीको पहुँच आधिकारीब ब्यक्तिमा सिमित रहेको

१७. सम्भावित बेइमानी नियन्त्रण
संस्था नीति, विधि र प्रविधिमा चलेको, नियमक निकायबाट स्थलगत निरीक्षण भएको र आफ्नै पनि आन्तरिक प्रणालीमार्फत सम्भावित बेईमानी नियन्त्रण गर्ने गरेको छ। यस सम्बन्धी थप ब्यवस्था निम्न बमोजिम रहेका छन्।

- संस्थाको आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी रुपमा कार्यन्वयन रहेको र आवधिक रुपमा परिमार्जन गरिएको।
- संस्थाले सेवा प्रदान गर्ने प्रणालीमा तयार, गर्ने, स्वीकृत गर्ने, अनुमोदन गर्ने सबै ब्यक्तिको रेकर्ड रहने।
- Encrypted डेटाहरुको लागि Digital Signature द्धारा मात्र हेर्न सकिने ब्यवस्था रहेको।
- संस्थाका संचालन समितिले गरेका निर्णयहरुमा सदस्यको पहुच रहेको।
- संस्थाले त्रैमासिक रुपमा आन्तरिक लेखापरीक्षणकार्य गर्ने गरेको।
- प्रत्येक २र२ बर्षमा कर्मचारीहरुको कामकारवाहीमा परिवर्तन वा ट्रान्सफर गर्ने गरिएको।
- बेईमानी पत्ता लागेमा उचित कारवाही र त्यसको जोखिम न्यूनिकरण कार्यबिधि तयार गरेको।

(यस बाहेक अन्य बिषयमा छन् भने सो खुलाउने)।

१८. शाखा वा सेवाकेन्द्रको सञ्चालन

संस्थाले शाखा वा सेवा केन्द्र सञ्चालन कार्यविधि बनाई संख्यामा, कारोबारको आयतन, आवश्यक संचालन प्रणाली विकास गरेको पाइयो/पाइएन ।

१९. आन्तरिक लेखापरीक्षण

संस्थाले आन्तरिक लेखापरीक्षण नियमित रुपमा गरेको पाईयो /पाइएन।

२०. आन्तरिक नियन्त्रण प्रणालिको पर्याप्तता

यस प्रतिवेदनको माथिल्ला बुंदाहरु तथा स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदनमा उल्लेख बाहेकका अवस्थामा संस्थाको आन्तरिक नियन्त्रण प्रणाली चुस्त, समय सापेक्ष र प्रभावकारी पाइयो ।

भाग ४

आयव्ययमा नियमितता

२१. सेवा शुल्क

संस्थाले सदस्यलाई प्रदान गर्ने ऋणमा..............प्रतिशत सेवा शुल्क लिने गरे्को छ। नविकरण शुल्क सम्बन्धी ब्यवस्था संस्थाको ....कार्यबिधि बमोजिम रहेको/ नरहेको पाइयो।
सेवा शुल्क र नविकरण शुल्क निर्धारण र असुल गर्दा एकरुपता कायम गरिएको पाइयो / पाइएन।

२२. नविकरण शुल्क

नविकरण शुल्क वापत प्रत्येक कर्जा लगानीमा ....% लिने व्यवस्था पाईयो।

२३. ब्याजदर संरचना

सहकारी ऐन २०७४ को प्रावधान अनुसार बचत को औसत ब्याज....%, कर्जा लगानी को औसत ब्याज...% र स्प्रेड दर ...% रहेको छ। साथै संस्थाले कर्जा लिने र बचतमा प्रदान गर्ने ब्याजदर सहकारी ऐनका दफा ५१ अनुसार तोकिएको ब्याजदर सिमामा रहेका पाइयो/पाईएन।

२४. हर्जाना

संस्थाले लगानी गरेका कर्जाको म्याद नाघेमा प्रत्येक सदस्यलाई ......% हर्जाना लगाउने प्रावधान रहेको छ। यस्तो हर्जाना उठ्न बाँकी किस्तामा समान दरमा र साधारण सभाबाट कार्यबिधि स्वीकृती गरी असूलउपर गर्ने गरेको पाइयो /पाईएन।

२५. अनधिकृत असुली

सहकारी ऐनको दफा ५०(५) को ब्यवस्था अनुसार प्रदान गरेको ऋणमा लाग्ने ब्याजलाइ मूल धनमा पुजीकृत गर्न नपाइने साथै ऐनका दफा ६३ (४) अनुरुप शेयरको अंकित मूल्य रु १०० हुने र अन्य कुनै पनि शिर्षकमा प्रिमियम बापत भनी लीन नपाइने ब्यवस्था रहेकोमा संस्थाले उठ्न बाँकी ऋण पुँजीकृत , शेयर रकम रु १०० र प्रिमियम बापत थप रकम असूल गरेको पाइयो /पाईएन ?

यदी पाईयो भने *पुँजीकृत गरेको, प्रिमियम बापत थप रकम असुलेको भएमा त्यसको विवरण संलग्न गर्ने*

२६. खर्च

संस्थाले स्वीकृत बजेट शिर्षक एवम प्रयोजनको सिमाकंनको पालना, खर्च स्वीकृतमा स्थापित कार्यबिधिहरुको पालना, खर्चमा मितब्ययीता र पारदर्शिता, खर्चका मानकहरुका ब्यवस्था, मानहरुको तूलनात्मक अध्ययन र औचित्यताको स्थापना गरी खर्च गर्ने गरेको पाइयो/पाईएन ?

यदी पाईएन भने *खर्चको अपारदर्शिताका र प्रकृयागत विवरण लेखापरीक्षकले उल्लेख गर्ने।*

२७. आयव्ययमा सुव्यवस्था

सहकारी संस्थाले यस प्रतिवेदनको माथिल्ला बुंदाहरु तथा स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदनमा उल्लेख बाहेकका अन्य अवस्थामा सहकारी ऐन, नियम एवंम प्रचलित कानूनको परिधिभित्र रहेर आफ्नो आम्दानी तथा खर्च गर्ने गरेको छ।

भाग ५

वित्तिय अवस्था

२८. वित्तिय अनुशासन

वित्तिय अनुशासनका लागि पर्ल्सलाई आधार लिई विष्लेषण गरिएको छ। पल्स (PEARLS) कुनै एउटा अक्षर नभई यसका ६ वटा अक्षरहरूले वित्तीय अवस्था सम्बन्धी ६ वटा क्षेत्रको प्रतिनिधित्व गर्दछन् र यस सहकारीको क्षेत्रगत बित्तिय बिश्लेषण निम्न बमोजिम रहेको छ।

PEARLS बिश्लेषण			
सूचकहरू		लक्ष्य	प्रगति प्रतिशत
P	**सुरक्षणसँग सम्बन्धित सूचकहरू (Protection Indicators)**		
P1	१२ महिना भन्दा बढी भाखा नाघेको ऋणको लागि व्यवस्था	१००%	
P2	१ देखि १२ महिना भाखा नाघेको ऋणको लागि व्यवस्था	३५%	
P2X	असल ऋणको लागि ब्यवस्था	१%	
E	**प्रभावकारी वित्तीय संरचना (Effective Financial Structures)**		
E1	खुद ऋण/जम्मा सम्पति	७०-८०%	
E5	कुल बचत/जम्मा सम्पति	७०-८०%	
E6	वाह्य ऋण/जम्मा सम्पति	<= ५%	
E7	सदस्य शेयर पूँजी/जम्मा सम्पति	१०-२०%	
E9	खुद संस्थागत पूँजी/जम्मा सम्पति	<= १०%	
A	**सम्पतिको गुणस्तर (Assets Qualilty)**		
A1	जम्मा भाखा नाघेको ऋण/जम्मा उठ्न बाँकी ऋण	<५०%	
A2	नकमाउने सम्पति/जम्मा सम्पति	<५%	
R	**प्रतिफल तथा लागत दर (Rate of Return & Cost)**		
R1	शुद्ध ब्याज आम्दाी /औसत शुद्ध ऋण	संचालन तथा अन्य लगत भन्दा बढी	
R7	शेयर लाभ्रांश / औषत शेयर	बजार दर >= R5	
R9	कुल संचालन खर्च /औसत कुल सम्पत्ति	५%	
R12	खुद आम्दानी / औसत कुल सम्पत्ति	R9 संग सम्बन्धित	
L	**तरलता (Liquidity)**		
L1	(अल्पावधी जिन्सी˙ तरल सम्पत्ती (अल्पावधी भुक्तानी बाँकी)/कूल बचत	न्यूनतम १५%	
L3	आय आर्जन नगर्ने तरल सम्पति /कुल सम्पति	< १%	
S	**बृद्धिको संकेत (Signs of growth)**		
S10	सदस्यता बृद्धि	> १२%	
S11	कुल सम्पतिमा बृद्धि	मुद्रा स्फिति भन्दा बढी	

यसरी पल्सका लक्ष्य गरेका अनुपातमा सहकारी संस्थाको स्थिति के कस्तो देखिन्छ बित्तिय तथा गैर बित्तिय जानकारीका आधारमा बिश्लेषण गर्नुपर्दछ। **पल्स अनुपात नियमनकारी निकायले तोकेबमोजिम थप/घट हुन सक्नेछन् ।**

भाग ६
नियामक परिपालना

२९. लेखापालन

संस्थाले कारोवारको लेखा दोहोरो लेखाप्रणालीमा आधारित र कारोवारको यथार्थ स्थिती स्पस्ट रुपमा देखिने गरी प्रचलित कानून बमोजिम नेपाल चाटर्ड एकाउन्टेन्ट् संस्थाले जारी गरेको लेखामान र यस ऐन बमोजिम पालना गर्नुपर्ने अन्य शर्त तथा ब्यवस्था बमोजिम राखिएको पाइयो / पाईएन।

यदी पाईएन भने लेखापरीक्षकले कैफियत उल्लेख गर्ने

बिद्युतिय प्रणालीबाट प्रदान गरिने सेवाको हकमा नियामक निकायको स्वीकृती सूरक्षा प्रवन्ध र तादम्यताको ब्यवस्था गरी कारोबार संचालन गरेको पाइयो/पाइएन।

(पालना नगरको अवस्थामा भने लेखापरीक्षकले टिप्पणी समेत उल्लेख गर्नुपर्ने।)

३०. बचतको उपयोग

संस्थाले संकलन गरेको बचत रकम सदस्यहरुलाई ऋण प्रदान गर्न, सरकारले जारी गरेको ऋणपत्र खरिद गर्न, सहाकारी बैंक / साना किसान लघुबित्त संस्थाको शेयर खरीद गर्न बाहेक अन्यत्र प्रयोग गरिएको पाइयो /पाईएन।
(अन्यत्र प्रयोग गरेको भए बिवरण संलग्न गर्ने)

३१. बचत सीमाकंन

क) बचत तथा ऋणको कारोबार गर्नेको हकमा

सहकारीको मुख्य कारोबार (बचत तथा ऋण बाहेक) नियमअनुसार पाइयो/पाइएन। साथै बचत परिचालन प्राथमिक पूँजीकोषको १५ गुणा भन्दा कम रहेको छ/ छैन ?

यदी पाईएन भने लेखापरीक्षकले कैफियत उल्लेख गर्ने

ख) बचत तथा ऋणबाहेक अन्य सहकारीको हकमा

बचत तथा ऋणको मुख्य कारोवार नगर्ने गरी दर्ताभएका सहकारी संध सस्था (बचत तथा ऋण बाहेक अन्य सहकारीहरु) ले तीन बर्षभित्र बचत तथा ऋणको मुख्य कारोवार नहुने गरी दर्ता हुँदाबखतमा उल्लेख गरिएको मुख्य कारोवार गर्नुपर्ने ब्यवस्था अनुरुप यस सहकारीले पछिल्लो आर्थिक बर्षमा परिचालित बचतको जम्मा दायित्व ....रहेको र सोही बर्षको सदस्य तर्फको खरिद वा बिक्रीकारोवार रु ....रहेको,यी बीचको अनुपात ....प्रतिशत देखिएको छ।

यो प्रतिशत ३० प्रतिशत भन्दा कम भएको पाइयो/पाइएन।

यदी ३० प्रतिशत भन्दा बढी भएको खण्डमा

यस सहकारीको बचत तथा ऋणको बारोवारको हिस्सा ३० प्रतशित भन्दा बढी देखिएकोले कानूनी अनुपालनको दृष्टीकोणले ऐन प्रारम्भ भएको ३ बर्ष भित्रमा - अर्थात २०७७ असोजमसान्त भित्रमा ३० प्रतिशत भन्दा कम गर्नुपर्ने वा उदेश्य परिवर्तन गर्नुपर्नेछ।

यस सहकारी संस्थाले पुँजी कोषको ....गुणा सम्म बचत परिचालन गरेको पाइयो जुन सहकारी एनेका दफा ५०(७) अनुरुप रहेको छर छैन।

३२. अन्तर-सहकारी कारोबार गरेको पाइएन ।

सहकारी ऐनको दफा १४० अनुसार अन्तर सहकारी कारोवार गर्न पाइने भनियतापनि सहकारीको दफा ३० अनुसार नेपाली नागरिकले मात्र सदस्यता प्राप्त गर्न पाइने हुँदा यस सहकारी संस्थामा अन्य कानूनी ब्यक्तिले कारोवार गरेको पाइयो /पाईएन।
यदी पाइएको खण्डमा कारोवार गर्ने कानूनी ब्यक्तिको बिवरण संलग्न गर्ने।

३३. संचालकीय लाभ

क्र.स	सञ्चालक/लेखा समिति सदस्यको नाम	लिएको लाभ				कैफियत
		तलब	ऋण	भ्रमण खर्च	पेश्की	

३४. निष्क्रिय ऋण

यस सहकारीको कर्जा लगानी भाखा नाघेको १ बर्ष वा सो भन्दा बढी भएको खण्डमा निष्क्रिय ऋण लगानीमा समावेश गरी देहाय बमोजिमको प्रतिशतले कर्जा ब्यवस्था कायम गर्नेगरेका छ।

क) शंकास्पद ऋण १ बर्षसम्म भाखा नाघेको ऋण ३५%

ख) खराब ऋण १ बर्ष भन्दा बढी भाखा नाघेको ऋण १००%

यस आ.ब.को अन्तमा निष्क्रिय कर्जा लगानी प्रकारका अनुसार निम्न बमोजिम रहेका छन्।

बर्गीकरण	ऋण लगानी रकम	नोक्सानी ब्यवस्था %	नोक्सानी ब्यवस्था रकम
असल ऋण		१%	
शंकास्पद ऋण		३५%	
खराब ऋण		१००%	

कर्जा सदुपयोगिताका आधारमा निष्क्रिय कर्जामा लेखापरीक्षणका क्रममा समावेश गर्नुपर्ने तर समावेश नगरेको भए सो समेत उल्लेख गर्ने।

माथी ब्यवस्था गरिएको कर्जा नोक्सानी ब्यवस्थामा निम्न बमोजिम कर्जाको सदुपयोगिता निरिक्षण गर्दा तोकिएको उदेश्यमा लगानी हुन नगई दुरुपयोग भएको देखिएको र ब्यवस्थापनले उक्त कर्जाको नोक्सानी ब्यवस्था नगरेको देखिन्छ। यदी यस प्रकारको कर्जाको नोक्सानी ब्यवस्था गर्नेहो भने हालको नाफा/नोक्सान रकम रु........................घटी हुनगई त्यतीनै रकमले सम्पतिको ब्यवस्था बढ्ने देखिन्छ।

३५. साधारण सभाको स्वीकृति

संस्थाको बार्षिक कार्यक्रम तथा बजेट बिनियम तथा आन्तरीक कार्यबिधि, पारिश्रमीक। सुबिधा, बाह्य दायित्व स्वीकार गर्ने, सदस्यको दायित्व मिनाहा दिने निर्णयहरु साधारण सभाबाट निर्णयबाट स्वीकृती गरेको पाइयो /पाईएन ?

३६. खुद बचत रकमको वितरण

सहकारी संस्थाले ऐनको दफा ६८,६९,७० र ७१ बमोजिमका सम्पूर्ण कोषहरुमा खुद बचतको वितरण नियमानुसार गरेको पाइयो /पाईएन ?

यदी पाईएन भने लेखापरीक्षकले कैफियत उल्लेख गर्ने

३७. सम्पत्ती शुद्धिकरण निवारण सम्बन्धी सहकारी संघ/संस्थालाई जारी गरिएको निर्देशन, २०७४ को पालना

नियमक निकायाबाट जारी गरिएको सम्पती सद्धीकरण निवारण सम्बन्धी निर्देशन अनुसार सदस्य पहिचात तथा सम्पुष्टि , जोखिम ब्यवस्थापन, सिमा (threshold) तथा संकास्पद कारोवारको प्रतिवेदन, कार्यान्वयन अधिकारीको ब्यवस्था , आन्तरिक नीती तथा कार्यबीधिको निर्माण र प्रयोग पाइयो /पाईएन ?

यदी पाईएन भने लेखापरीक्षकले कैफियत उल्लेख गर्ने

३८. एकीकृत व्यवस्थापन सूचना प्रणालीमा प्रतिवेदन

एकीकृत व्यवस्थापन सूचना प्रणालीमा नियमित रुपमा विवरण दाखिला गर्ने गरेको पाइयो /पाइएन ?

यदी पाईएन भने लेखापरीक्षकले कैफियत उल्लेख गर्ने

३९. सघन अनुगमनबाट प्रदत्त निर्देशनको कार्यान्वयन

क्र.स.	निर्देशनको विवरण	कार्यान्वयनको अवस्था	कैफियत

४०. परिपालना प्रभावकारीता

सहकारी संस्थाले यस प्रतिवेदनको माथिल्लो बुंदाहरु तथा स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदनमा उल्लेख बाहेकका नियमनकारी निकायबाट प्रदान गरेकाअन्य निर्देशन तथा प्रचलित कानूनी व्यवस्थाहरुको परिपालना गरेको पाइयो /पाईएन ।

भाग ७

निष्कर्ष

४१. खास लेखापरीक्षकीय विषयवस्तु :

ब्यवसायिक विवेकको प्रयोग गरी बित्तिय विवरणको लेखापरीक्षणमा महत्वपूर्ण रहने विषयबस्तुहरु पर्दछन् । संस्थाका उच्च ब्यवस्थापनसंग छलफल भएका खास बिषयबस्तुहरु यसमा उल्लेख गरिन्छ । यसरी उल्लेख गरिने खास लेखापरीक्षकीए विषयवस्तुले लेखापरीक्षकको रायलाई परिवर्तन नगर्ने र यी बिषयहरु प्रति छुट्टै राय प्रस्तुत नगरिने हुन्छ।

खास लेखापरीक्षकीय बिषयवस्तुमा उल्लेख हुन सक्ने क्षेत्रहरुः

- ऋण तथा उठ्न बाँकी आसामीको मूल्याकनमा
- आम्दानी पहिचानको बिषयमा
- जिन्सीको मूल्याकंनमा
- जायजेथा, सम्पत्ति र उपकरणमाको मूल्याकंनमा
- कर सम्बन्धी
- बित्तिय सम्पत्तिको मूल्याकंनमा
- अन्य निकायमा रहेको स्वार्थ सम्बन्धमा